संघीय संसद
राष्ट्रिय सभा
बाह्रौं अधिवेशन
बैठक – ६
सूचनापत्र -२
(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ११:०० बजे*
*बैठक अन्त्य : १:५७*

२०७९ जेठ १२, बिहीबार

---

संघीय संसद, राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **छैटौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **दिनको ११:०० बजे** प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १० को उपनियम (१) बमोजिम अध्यक्ष तथा उपाध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्न निम्न लिखित माननीय सदस्यहरूलाई मनोनित गरेको व्यहोरा जानकारी गराउनुभयो ।

- मा. अनिता देवकोटा
- मा. दिलकुमारी रावल थापा (पार्वती)
- मा. जयन्ती देवी राई

त्यसपछि सम्माननीय अध्यक्षले प्रस्तावित नामहरूलाई सहमति जनाइदिनुहुन अनुरोध गर्नुभयो। त्यस लगत्तै उहाँले प्रस्तावित नामहरूलाई सभाबाट सहमति प्राप्त भएको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४९ को उपनियम (१) बमोजिम राष्ट्रिय सभाका देहायका विषयगत समितिहरूमा रहने गरी देहाय बमोजिम माननीय सदस्यहरूको नाम मनोनयन गरेको जानकारी गराउनुभयो ।

**१. दिगो विकास तथा सुशासन समिति**

१. मा. कमला पन्त
२. मा. कृष्ण प्रसाद पौडेल
३. मा. नारायण प्रसाद दाहाल
४. मा. तुल प्रसाद विश्वकर्मा
५. मा. सोनाम गेल्जेन शेर्पा

**२. विधायन व्यवस्थापन समिति**

१. मा. नारायण दत्त मिश्र
२. मा. भुवन बहादुर सुनार
३. मा. सुरेश कुमार आलेमगर
४. मा. उदय बहादुर बोहरा

**३. प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति**

१. मा. युवराज शर्मा
२. मा. गोपाल कुमार बस्नेत
३. मा. उर्मिला अर्याल
४. मा. गोमा देवी तिमल्सिना
५. मा. मदन कुमारी शाह (गरिमा)
६. नरबहादुर विष्ट
७. मोहम्मद खालिद

**४. राष्ट्रिय सरोकार तथा समन्वय समिति**

१. मा. दुर्गा गुरुङ
२. मा. जगत बहादुर पार्की
३. मा. जयन्ती देवी राई
४. मा. राजेन्द्र लक्ष्मी गैरे

त्यसपछि सम्माननीय अध्यक्षले प्रस्तावित नामहरूलाई सहमति जनाइदिनुहुन अनुरोध गर्नुभयो। त्यस लगत्तै उहाँले प्रस्तावित नामहरूलाई सभाबाट सहमति प्राप्त भएको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कर्य सञ्चालन) नियमावली,

२०७५ को नियम २५ को उपनियम (२) बमोजिम राष्ट्रिय सभाबाट संसदीय सुनुवाई समितिमा माननीय खिमलाल भट्टराईलाई र सोही नियमावलीको नियम २७ को उपनियम (२) बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यङ्कन समितिमा  माननीय अनिता देवकोटा, देवेन्द्र दाहाल र माननीय गोपी बहादुर सार्की अछामीलाई मनोनयन गरेको जानकारी गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले प्रस्तावित नामहरूलाई सहमति जनाइदिनुहुन अनुरोध गर्नुभयो। त्यस लगत्तै उहाँले प्रस्तावित नामहरूलाई सभाबाट सहमति प्राप्त भएको घोषणा गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवाको तर्फबाट कानून न्याय तथा संसदीय मामिला मन्त्री गोपाल शर्मा कोइरालालाई "सम्माननीय राष्ट्रपतिले सम्वत् २०७९ जेठ १० गते मंगलबारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नु भएको सम्बोधनमा उल्लिखित आ.व. २०७९/०८० को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम माथिको छलफल प्रारम्भ गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभयो ।

त्यसपछि सम्माननीय सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवाले उक्त प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले  सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवाको तर्फबाट कानून न्याय तथा संसदीय मामिला मन्त्री गोपाल शर्मा कोइरालाले सभा समक्ष प्रस्तुत गर्नु भएको उक्त प्रस्ताव माथिको छलफल प्रारम्भ भएको जानकारी गराउनुभयो ।

आ.व. २०७९/०८० को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम माथि ५ जना माननीय सदस्यहरूबाट ३ वटा संशोधन प्रस्तावहरू प्राप्त हुन आएको व्यहोरा जानकारी गराउँदै संशोधनकर्ता देहायका माननीय सदस्यहरूलाई बोल्ने क्रममा आफ्नो संशोधन प्रस्ताव सहित छलफलमा भाग लिन समय उपलब्ध गराउनुभयो ।

- मा. भैरव सुन्दर श्रेष्ठ
- मा. शेखर कुमार सिंह
- मा. भगवती न्यौपाने
- मा. विमला घिमिरे

त्यसपछि सम्माननीय अध्यक्षले आ.व. २०७९/०८० को लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिने माननीय सदस्यहरूको नाम दलीय आधारमा प्राप्त भएको जानकारी गराउनुहुँदै माननीय सदस्याह रूलाई देहाय बमोजिम समय उपलब्ध गराउनुभयो ।

१. मा. कमला पन्त
२. मा. देवेन्द्र दाहाल
३. मा. सुरेश कुमार आलेमगर
४. मा. डा. बेदुराम भुसाल
५. मा. हरि राम चौधरी
६. मा. मोहम्मद खालिद
७. मा. उर्मिला अर्याल
८. मा. तुल प्रसाद विश्वकर्मा
९. मा. माया प्रसाद शर्मा
१०. मा. युवराज शर्मा
११. मा. जयन्ती देवी राई
१२. मा. डा. खिमलाल देवकटा
१३. मा. तुलसा कुमारी दाहाल
१४. मा. नन्दा चपाई
१५. मा. प्रकाश पन्थ
१६. मा. गंगा कुमारी वेल्वासे
१७. मा. गोमा देवी तिमल्सिना
१८. मा. राधेश्याम पाश्वान
१९. मा. गोपी बहादुर सार्की अछामी
२०. मा. इन्दु कडरीया
२१. मा. अनिता देवकोटा

त्यसपछि सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिले २०७९ जेठ १० गते संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नु भएको सम्बोधनमा उल्लेखित आ.व. २०७९/०८० को लागि नेपाल सरकारको नीति तथा कार्यक्रम माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम नसकिएकोले आगामी बैठकमा बोल्ने क्रम जारी रहने व्यहोरा जानकारी गराउनुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७९ साल जेठ १३ गते शुक्रबार बिहान ११:०० बजे** बस्ने गरी सो दिनको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव